नेपाल सरकार

फोन नं:- ०१- ४२००२९८

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सूचना तथा प्रविधि शाखा

सिंहदरबार काठमाण्डौ

द.नं. ४३२
प.सं. ०७५/०७६

मितिः २०७६।०१।६

श्री प्रदेश सरकार सबै,
श्री स्थानीय तहहरु सबै।

विषयः सूचना तथा संचार प्रविधि दिवस मनाउने सम्बन्धमा ।

प्रस्तुत बिषयमा संचार तथा सूचना प्रविधि मन्त्रालयको पत्र(यसै साथ संलग्न), मिति २०७५/१२/२६, च.नं १४८ बमोजिम २०७५ बैशाख १९ गते सूचना तथा संचार प्रविधिको प्रवर्द्धन र विकास तथा विस्तारको लागि विभिन्न कार्यक्रमहरु आयोजना गरि रास्ट्रिय सूचना तथा संचार प्रविधि दिवस सबै प्रदेश सरकार एवं स्थानीय तहहरुमा उपयुक्त कार्यक्रमहरु आयोजना गरि रास्ट्रिय व्यापी रुपमा भव्यताका साथ मनाउन लेखि पठाएको हुँदा सोही बमोजिम गर्नुहुन आदेशानुसार अनुरोध छ ।

.................................
(देवेन्द्र कुमार झा )
क.अधिकृत

e-mail :info@mofaga.gov.np

नेपाल सरकार
# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरवार, काठमाण्डौ

प. स. २०७४/७५

च. न. १५

मिति:- २०७४/१२/२६

विषय:: <u>सूचना तथा सञ्चार प्रविधि दिवस मनाउने सम्बन्धमा</u>

श्रीमान् सचिवज्यू,
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाण्डौ ।

सूचना तथा सञ्चार प्रविधिको प्रवर्द्धन र विकास तथा विस्तारको लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले मे २, २०१९ तद्नुसार २०७५ साल बैशाख १९ गते विभिन्न कार्यक्रमहरु आयोजना गरी राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस मनाउन गइरहेको छ। सूचना प्रविधि बिनाको समाज, संस्था र कार्यालयको कल्पना गर्न सकिंदैन। सूचना प्रविधिको विकास र प्रवर्द्धन गर्न नेपाल सरकार निरन्तर रुपमा लागिरहेको छ। यस सन्दर्भमा प्रदेश सरकार र स्थानीय तहले खेल्ने भूमिका महत्वपूर्ण रहेको छ। राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवसले यसको महत्व र व्यापकता बारेमा जनचेतना फैलाउन तथा यसलाई सार्वजनिक सेवा प्रवाहको अभिन्न अङ्गको रुपमा अङ्गिकार गर्न सघाउ पुर्याउने छ। तसर्थ, सबै प्रदेश सरकार र स्थानीय तहमा समेत उपयुक्त कार्यक्रमहरु आयोजना गरी राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवसलाई राष्ट्रव्यापी रुपमा भव्यताका साथ मनाउनका लागि लेखी पठाउन मूल समारोह समितिको निर्णयानुसार सादर अनुरोध गर्दछु।

(वीरेन्द्र कुमार मिश्र)
सह-सचिव